# बागचौर नगरपालिका
# स्थानीय राजपत्र

खण्डः ९ संख्याः २ मितिः २०८२/०४/०२ गते

## भाग-१

## बागचौर नगरपालिका

## बागचौर नगरपालिकाको विनियोजन ऐन, २०८२

नगर सभाबाट स्वीकृत मितिः २०८२/०३/३२

**बागचौर नगरपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०८०**

प्रस्तावनाः बागचौर नगरपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम बागचौर नगरपालिकाको चौधौं नगर सभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " बागचौर नगरपालिकाको विनियोजन ऐन, २०८२" रहेको छ।

**२.आर्थिक वर्ष २०८२।०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**(१)आर्थिक वर्ष २०८२।०८३ को निमित्त नगर

कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च र पूँजिगत खर्च (चालु र पूँजिगत) रकम समेत गरी जम्मा रकम रु.७१,६८,७३,७३५ (अक्षेरुपी एकहत्तर करोड अठसठ्ठी लाख त्रिहत्तर हजार सात सय पैतिस मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२।०८३ को निमित्त बागचौर नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूचि–१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संञ्चित कोषबाट विनियोजन हुने रकम**

| **क्र स** | **शिर्षकको नाम** | **चालु खर्च रु.** | **पुजिगत खर्च रु.** | **जम्मा रु.** |
|---|---|---|---|---|
| १ | नगरपालिकाको कुल विनियोजन | ५१,७१,२८,००० | १९,९७,४५,७३५ | ७१,६८,७३,७३५।- |

**आज्ञाले:**

हरिबहादुर कठायत

प्रमुख प्रशासकीय अधिकृत